राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


**प्रेस नोट**

२०७५ पुस ६ गते

## काठमाण्डौ उपत्यका लगायतका स्थानमा बढ्दै गएको वातावरण प्रदुषण सम्बन्धमा विज्ञहरुसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगले काठमाण्डौ उपत्यका लगायतका स्थानहरुमा विकास निर्माण लगायतका परियोजनाहरुको कार्यान्वयनबाट, देशको विभिन्न स्थानमा स्थापित एवम् सञ्चालित उद्योग धन्दाहरुबाट वातावरण र मानव स्वास्थ्यमा पर्न गएको गम्भीर असरका बारेमा राय/सुझाव लिने उद्देश्यले वातावरण विज्ञ तथा नेपाल सरकारका प्रतिनिधिरुसँग छलफल गरेको छ ।

छलफलका क्रममा काठमाण्डौ उपत्यकामा बढ्दै गएको वातावरण प्रदुषण र सोबाट आम नागरिकमा परेको नकारात्मक असर तथा सुरक्षाका उपायहरु, देशका विभिन्न स्थानमा स्थापित र सञ्चालित उद्योगहरुको स्थापना एवम् सञ्चालन प्रकृया, त्यसबाट निस्कने धुलो धुवाँ र उक्त धुलो धुवाँबाट आम नागरिकको जीवन र स्वास्थ्यमा पर्न गएको नकारात्मक असर, वायु प्रदुषण कम गर्न अपनाउनु पर्ने उपायहरु, नेपाल सरकारको अनुगमन तथा नियन्त्रण प्रकृया लगायतका विषयमा छलफल तथा विश्लेषण गरिएको छ । आगामी दिनमा यस सम्वन्धमा आयोगले गर्ने अध्ययन/अनुगमन तथा नेपाल सरकारले गर्नुपर्ने प्रभावकारी कार्यहरुको बारेमा सुझाव प्राप्त भएको छ । छलफलका क्रममा संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबाट स्वच्छ वातावरण कायम राख्न गर्नु पर्ने कार्यका सम्वन्धमा समेत सुझाव प्राप्त भएको छ ।

छलफलमा आयोगका माननीय सदस्य सुदिप पाठक संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय र वातावरण विभागका उच्च अधिकृतहरु, आयोगका निर्देशक तथा उपनिर्देशक लगायत आयोगका कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

वेद प्रसाद भट्टराई
सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org